.


# स्थानीय राजपत्र

बोगटान गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : १ संख्या : ११ मिति : २०७५/३/२१


## भाग–२

नियम नं. ७

प्रमाणिकरण भएको मितिः२०७५/३/२१

# विद्यालय अनुमति तथा कक्षा  थप सम्बन्धि कार्यविधि २०७५

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को  दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बोगटान गाउँ कार्यपालिकाले यो विद्यालय अनुमति तथा कक्षा थप सम्बन्धि जारी गरेको छ।

## परिच्छेद - १

## प्रारम्भिक

## संक्षिप्त नाम र परिभाषा

**१.संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम विद्यालय अनुमति तथा कक्षा  थप सम्बन्धि कार्यविधि २०७५

(क) यो कार्यविधि गाउँपालिका क्षेत्रभर लागू हुनेछ।

(ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

**२.परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा -

(क) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका लाई सम्झनु पर्छ।

(ख) "गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको गाउँ गाउँपालिका सम्झनु पर्छ।

(ग) "प्रारम्भिक बाल शिक्षा केन्द्र" भन्नाले चार वर्ष उमेर पूरा भई पाँच बर्ष पूरा नगरेका बालबालिकाको लागि खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेसरी आदि सम्झनु पर्छ।

(घ) "शिक्षा शाखा" भन्नाले गाउँ र गाउँपालिका रहेको शिक्षा, युवा तथा खेलकुद शाखा लाई सम्झनु पर्छ।

(ङ) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ।

(च) "सामुदायिक विद्यालय" भन्नाले गाउँपालिकाबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति प्राप्त विद्यालयलाई सम्झनु पर्छ।

(छ) "संस्थागत विद्यालय" भन्नाले गाउँपालिकाबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति प्राप्त विद्यालयलाई सम्झनु पर्छ।

(ज) संघिय शिक्षा ऐन भन्नाले संघिय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(झ) शिक्षा समिति भन्नाले नियम ७ बमोजिमको गाउँ शिक्षा समितिलाई सम्झनुपर्छ ।

## परिच्छेद - २

## विद्यालय खाल्ने अनुमति तथा स्वीकृति सम्बन्धि व्यवस्था

**३.विद्यालय खोल्ने अनुमतिको लागि निवेदन दिनु पर्ने :** कसैले विद्यालय खोल्न चाहेमा वडा समितिको सिफारिस लिई शैक्षिकसत्र सुरु हुनुभन्दा कम्तीमा तीन महिना अगावै अनुसूची १ बमोजिमको ढाँचामा गाउँपार्लिको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

**४.विद्यालय खोल्न पूरा गर्नु पर्ने पूर्वाधार :** विद्यालय खोल्नको लागि अनुसूची २ बमोजिमको पूर्वाधार पूरा गरेको हुनु पर्ने छ ।

**५.विद्यालय खोल्न अनुमति दिनु पर्ने :** (१) नियम ३ बमोजिम विद्यालय खोल्ने अनुमतिको लागि निवेदन परेमा शिक्षा शाखा प्रमुखले निवेदन साथ प्राप्त कागजातहरु र स्थलगत जाँचबुझ गर्नेछ । त्यसरी जाँचबुझ गर्दा प्रस्तावित विद्यालयको लागि नियम ४ बमोजिमको पूर्वाधार पूरा भएको देखिएमा शैक्षिक सत्र सुरु हुनु भन्दा कम्तीमा दुई महिना अगावै आफ्नो राय सहितको प्रतिवेदन शाखा प्रमुखले शिक्षा समितिको बैठकमा पेश गर्नुपर्नेछ । यस्तो प्रतिवेदनमा अनुमति माग गरिएको विद्यालय सामुदायिक वा संस्थागत कुन स्वरुपमा सञ्चालन गर्ने अनुमति माग गरिएको हो सो का सम्बन्धमा एकिन उल्लेख हुनु पर्ने छ ।

(२) उपनियम (१) बमोजिम गाउँ शिक्षा समितिको बैठकबाट अनुमति दिने सिफारिसको निर्णय भएमा कार्यपालिका समक्ष पठाउनु पर्नेछ ।

(३) उपनियम (२) अनुसार गाउँ शिक्षा समितिको सिफारिस उपयुक्त लागेमा गाउंकार्यपालिकाले विद्यालय खोल्न अनुमति दिन सक्नेछ । गाउँ कार्यपपालिकाको निर्णय बमोजिम शिक्षा शाखा प्रमुखले अनुसूची ३ बमोजिमको ढाँचामा अनुमति दिनेछ ।

(४) यसरी अनुमति दिँदा शैक्षिक सत्र सुरु हुनु भन्दा एर्क महिना अगावै अनुमति दिनु पर्नेछ ।

(५) उपनियम (२) बमोजिम शिक्षा समितिले विद्यालय खोल्ने अनुमतिको सिफारीस गर्ने निर्णय गर्दा विद्यालय नक्शाङ्कन, स्कुल जोनिङ्ग र गाउँ शिक्षा समितिले निर्धारण गरेको गाउँपालिका र वडाको लागि विद्यालयको अधिकतम संख्याको अधिनमा रही दिनु पर्ने छ ।

(६) कसैले प्रचलित ऐन तथा नियमावली र यस कार्यविधि विपरीत अनुमति दिएको वा प्राप्त गरेको पाइएमा गाउँपालिकाले छानविन गरी त्यसरी अनुमति प्राप्त विद्यालयको अनुमति जुनसुकै बखत रद्द

गर्नेछ र त्यस्तो अनुमति दिनका लागि सिफारिस गर्ने र अनुमति प्रदान गर्ने पदाधिकारी तथा कर्मचारीलाई प्रचलित कानुन बमोजिम कारबाही गरिनेछ ।

**६.विद्यालयको कक्षा थप गर्न सकिने :** (१) कुनै विद्यालयले कक्षा थप गर्न चाहेमा शैक्षिक सत्र सुरु हुनु भन्दा कम्तीमा दुई महिना अगावै गाउँकार्यपालिकाको कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा गाउँपालिकाले थप हुने कक्षाका लागि नियम ४ बमोजिम पूर्वाधार पूरा भए नभएको सम्बन्धमा आवश्यक जाँचबुझ गर्न शिक्षा शाखामा पठाइदिनेछ । शिक्षा शाखाले स्थलगत जाँचबुझ गर्दा पूर्वाधार पूरा गरेको देखिएमा निर्णयको निमित्त शिक्षा समितिमा पेश गरी समितिको सिफारीस अनुसार गाउँ कार्यपालिकाले शैक्षिकसत्र सुरु हुनु अगावै कक्षा थप गर्न अनुमति दिन सक्नेछ ।

## परिच्छेद -३

## गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धि कार्यविधि

**७.गाउँ शिक्षा समितिको संरचना तथा कार्यसञ्चालन विधि :** (१) गाउँपालिकामा देहाय बमोजिमको एक गाउँ शिक्षा समिति रहनेछ ।

(क) गाउँपालिकाको अध्यक्ष वा सो काम गर्न तोकिएको व्यक्ति - अध्यक्ष

(ख) गाउँपालिकाले तोकेको गाउँपालिकाका सदस्यहरुमध्येबाट कम्तीमा एकजना महिला सहित दुई जना - सदस्य

(ग)गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत -सदस्य

(घ) सम्बन्धित गाउँपालिका क्षेत्र भित्र रहेका विद्यालयका विद्यालय व्ययवस्थापन समितिका अध्यक्षहरुमध्येबाट गाउं शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

(ङ) स्थानीय समाज सेवी वा शिक्षा प्रेमीहरुमध्येबाट गाउ ँशिक्षा समितिबाट मनोनित एकजना दलित र दुईजना महिला सहित तीन जना - सदस्य

(च) सम्बन्धित गाउँपपालिका क्षेत्र भित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापक हरु मध्येबाट सम्बन्धित गाउँपालिकाले मनोनित गरेको कम्तीमा एक जना महिला सहित दुई जना - सदस्य

(छ) गाउँपालिका स्थित विशेष शिक्षा वा स्रोत कक्षा संञ्चालन गर्ने विद्यालय वा अपांगता सम्बन्धि शिक्षण संस्थाबाट प्रतिनिधित्व हुने गरि गाउं शिक्षा समिति ले मनोनित गरेको अपांगता भएका ब्यक्ति एक जना -सदस्य

(ज)  गाउँपालिका शिक्षक महाँसंघको अध्यक्ष -सदस्य

(झ) गाउंपालिकाको शिक्षा शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम मनोनित सदस्यको पदावधि दुई बर्षको हुनेछ । मनोनीत सदस्यले आफनो पद अनुसारको आचरण नगरेको देखिएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफनो सफाई पेश गर्ने मौका बाट बञ्चित गरिने छैन ।

(३) शिक्षा समितिको बैठक  कम्तीमा प्रत्येक चौमासिकमा एक पटक बस्नु पर्नेछ ।

(४) शिक्षा समितिको बैठक भत्ता गाउँपालिकाको प्रचलित कानुन बमोजिम हुनेछ

(५) बैठक सञ्चालनको लागि कम्तीमा ५० प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्नेछ भने बैठकको निर्णय बहुमतको आधारमा हुनेछ ।

८. **शिक्षा समितिको काम, कर्तव्य र अधिकार** : संघीय शिक्षा ऐन, नियमावलीमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) शिक्षा शाखाबाट पेश भएको शैक्षिक योजना,कार्यक्रम, बजेट, अनुदान, अनुमति सम्बन्धमा आवश्यक छलफल गरी स्वीकृत गर्ने । थप निर्णय लिनु परे गाउंकार्यपालिकामा सिफारिस गर्ने ।

(ख) गाउँपालिकामा स्वस्थ शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर वृद्धि गर्न शिक्षा शाखा मार्फत पेश भएको कार्ययोजना माथि छलफल गरी आवश्यक देखिएमा परिमार्जन सहित स्वीकृत गर्ने,

(ग) नेपाल सरकारको स्वीकृत नीति र निर्देशन अनुरुप विशेष आवश्यकता शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धि आवश्यक व्यवस्था गर्ने,

(घ) विद्यालयलाई आर्थिक सहायता उपलब्ध गराउने तथा त्यस्तो सहायताको लागि सम्बन्धित निकायमा सिफारीस गर्ने,

(ङ) शिक्षक, कर्मचारी तथा विद्यार्थी कल्याणको लागि स्वीकृत शिक्षा योजना बमोजिम आवश्यक कार्यक्रम बनाउने,

(च) विद्यालयको सम्पतिको सुरक्षा गर्न तथा विद्यालयको सम्वृद्धिका लागि आवश्यक व्यवस्था गर्ने,

(छ) विद्यालयको विकासका लागि सञ्चालित शैक्षिक कार्यक्रमलाई सहयोग गर्ने,

(ज) विद्यालयको लेखा परीक्षण सम्बन्धमा लेखापरिक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक कारवाही गर्ने, गराउने,

(ञ) विद्यालयलाई आर्थिक रुपमा आत्म निर्भर गराउन योजना बनाई कार्य गर्ने,

(ट) विद्यालय बन्द गर्न सिफारीस गर्ने,

(ठ) शैक्षिक क्यालेण्डर बनाई विद्यालय सञ्चालन गर्न शिक्षा शाखा मार्फत व्यवस्थापन समितिलाई निर्देशन दिने ,

(ड) गाउँ स्तरीय खेलकुद, स्काउट तथा सांस्कृतिक कार्यक्रमको सञ्चालन तथा विकासको लागि आर्थिक स्रोत जुटाउने र प्राप्त रकम खर्च गर्न शिक्षा शाखालाई निर्देशन दिने,

(ढ) आवासीय विद्यालयका विद्यार्थीका लागि खाना तथा पौष्टिक आहारको लागि गुणस्तर तोक्ने,

(ण) गाउँकार्यपालिका तथा गाउँ सभाबाट  स्वीकृत शिक्षा योजना र मापदण्ड भित्र रही आवश्यक निर्देशन दिने,

(त) विद्यालयले कायम गर्नु पर्ने न्युनतम सरसफाई तथा शौचालयको मापदण्ड तोक्ने,

(थ) गाउँ क्षेत्र भित्र विशेष आवश्यकता भएका बालबालिको तथ्याङ्क संकलन गरी उनीहरुका लागि उचित विद्यालय व्यवस्थापन गर्न आधार तयार पार्ने र सोही अनुसारको पठनपाठन व्यवस्था मिलाउन,

(द) विद्यालय सुधार तथा विकासका लागि नीति निर्देशन गर्ने ।

## परिच्छेद - ४

## प्रारम्भिक  बाल शिक्षा सम्बन्धि व्यवस्था

**९. प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना** : (१)) कसैले प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न चाहेमा अनुमतिको लागि सम्बन्धित वडा कार्यालयमा अनुसूची-४ बमोर्जिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा त्यस्तो निवेदनका  सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा निवेदकलाई प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न गाउँ कार्यपाालिकाले तोकेको मापदण्ड तथा प्रक्रिया बमोजिम अनुमति दिन मनासिव देखिएमा आवश्यक शर्त  तोकी अनुससूची-५ बमोजिमको ढाँचामा अनुमति दिन वडा सचिवले वडा समिति समक्ष पेश गर्नेछ ।

तर स्थानीय तहलाई आर्थिक दायित्व पर्ने गरी यस्तो केन्द्र खोलिने भएमा गाउँ कार्यपालिकाको अनुमति लिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम पेश हुन आएमा वडा समितिको निर्णयमा वडा सचिवले अनुमति दिनेछ ।

(४) कसैले उपनियम (२) बमोजिम ताकिएको शर्त अनुरुप प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन नगरमा वडाअध्यक्षले त्यस्तो केन्द्रलाई दिएको अनुमति जुनसुकै बखत रद्द गर्न सक्नेछ ।

**१०. प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न चाहिने पूर्वाधार** : प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्नको लागि देहायका पूर्वाधार पूरा गरेको हुनु पर्नेछ :

(क) फराकिलो, खुला र सुरक्षित भवन भएको,

(ख) गाउँपालिलकाले तोकिदिएको मापदण्ड बमोजिम जग्गाको क्षेत्रफल र भवन भएको,

(ग) बाल उद्यानको व्यवस्था भएको,

(घ) सफा र स्वच्छ खानेपानीको व्यवस्था भएको,

(ङ)शौचालयको राम्रो व्यवस्था भएको,

(च) बालबालिको हेरचाह गर्ने सुसारेको व्यवस्था भएको ,

११. **स्वीकृत पाठयक्रम प्रयोग गर्नु पर्ने** : प्रारम्भिक बाल शिक्षा केन्द्रमा पाठ्क्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रम प्रयोग गर्नु पर्नेछ ।

१२. **बचाउ र लागू नहुने** :

(क) यस कार्यविधिमा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित संघीय शिक्षा ऐन कानुन बमोजिम हुनेछ ।

(ख) संविधान, संघीय कानुन र प्रदेश कानुनसंग बाझिएको यस कार्यविधिका नियमहरु बाझिएको हद सम्म स्वतः निस्कृय हुनेछ ।

(ग) यस पूर्व गाउँपालिकाले शिक्षा सम्बन्धी गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची १

(नियम ३ सँग सम्बन्धित)

## विद्यालय खोल्ने अनुमतिको लागी दिइने निवेदन

श्री शिक्षा अधिकृतज्यू,

..........गाउँपालिका

..........................।

बिषय : विद्यालय खोल्ने अनुमति सम्बन्धमा

महोदय,

शैक्षिक सत्र ........... देखी.......... तहको विद्यालय खोल्न चाहेकोले अनुमतिको लागी दहायको विवरणहरु खुलाइ यो निवेदन गरेको छु ।

(क) प्रस्तावित विद्यालयको :

१. नाम :

२. ठेगाना ...................... गाउँपालिका.............................. वडा नं........... गाउँ/टोल
फोन :..................... फ्याक्स नं..............................

३. किसिम :

(१) सामुदायिक (२) संस्थागत (अ) निजी शैक्षिक गुठी (आ) सार्वजनिक शैक्षिक गुठी

४. अनुमति लिन चाहेको तह र संञ्चालन गर्ने कक्षा :

५. भविष्यमा संञ्चालन गर्न चाहेको तह र कक्षा :

(ख) प्रस्तावित बिद्यालयको लागीपुरा गरिएको भौतिक पूर्वाधार

१. भवनको

(१) संख्या

(२) कच्ची वा पक्की वा अर्ध पक्की

(३) आफ्नै वा बहालमा वा सार्वजजनिक

२. कोठाको विवरण

कोठाको संख्या लम्बाई चौडाई उचाई झ्याल ढोकाको अवस्था प्रकाश बत्तीको अवस्था प्रयोजन कैफियत

३ फर्निचरको संख्या

(१) डेस्क (२) बैञ्च (३) टेबल (४) दराज (५) मेच (६) अन्य

४. खेलकुद मैदानको अवस्था र जग्गा ( रोपनी वा बिगाहामा)

५. शौचालयको संख्या : १ छात्रले प्रयोग गर्नै (२) छात्राले प्रगो गर्ने

६. खानेपानीको अवस्था :

७ . पुस्तकालयको अवस्था तथा पुस्तकको संख्या :

८. प्रयोगशाला : सामाग्री :

९. सवारी साधको विवरण :

१०. शैक्षक समाग्रकिो विवरण :

(ग) विद्यार्थी संख्या : (प्रस्तावित)

कक्षा :

संख्या :

(घ) शिक्षक संख्या : (प्रस्तावित)

(ङ) आर्थिक विवरण : (प्रस्तावित)

१. अचल सम्पति :

२. चल सम्पति :

३. बार्षिक आम्दानी :

४. आम्दानीको स्रोत :

मथि लेखिएका विवरण हरु ठिक साँचो छ, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउला ।

निवेदनको

सही :

नाम:

ठेगाना :

मिति :

**संलग्न गर्नु पर्ने कागजातहरु :**

(१) गुठी अर्न्तगत विद्यालय संञ्चालन गर्ने भए शैक्षक गुठीको विधानको प्रतिलिपी ।

(२) जग्गा वा भवन भाडामा लिने भए कम्तीमा पाँच बर्षसम्को लागी घर वा जग्गाधनीले बहालमा दिने सम्बन्धमा भएका कबुलिएतनामा सम्बन्धि पत्र ।

(३) प्रस्तावित विद्यालयको क्षेत्रको शैक्षिक नक्सा ।

(४) सम्वन्धित वडा समितिको सिफरीस ।

## अनुसूची २

(नियम ४ संग सम्बन्धित)

### विद्यालय खोल्नको लागी चाहिने पूर्वाधारहरु

(क) कक्षा कोठाहरु सामान्यतया नौ फिट उचाईको र घाम तथा पानीबाट बचाउ किसिमको हुनु पर्ने,

(ख) कक्षा गत क्षेत्रफल आधारभूत विद्यालयको हकमा प्रति विद्यार्थी १.०० बर्ग मिटर तथा माध्यामिक विद्यालयको हकमा १.द्द. वर्ग मिटर भन्दा कम नहु नहूने,

(ग) अध्यापन गराईने कक्षा कोठामा हावाको प्रवाह, प्रकाशको व्वस्थाको साथै स्वस्थ्य हुनुपर्ने,

(घ) कक्षा कोठामा विद्यार्थी संख्याको आधारमा फर्निचरको व्यवस्था हुनुपर्नो

(ङ) यथेष्ट स्वस्थकर खानेपानीको प्रवन्ध गर्नुपर्ने,

(च) प्रारम्भिक बाल शिक्षा कैन्द्र बाहेक अन्य विद्यालय ,छात्र  छात्राको लागी अलग अलग शौचालयको व्यवस्था हुनुपर्ने र प्रत्येक थप ५० जना विद्यार्थीको लागी १ कम्पार्टमेन्ट थप हुनुपर्ने,

(छ) पाठ्यकम, पाठ्सामाग्री, शिक्षक निर्देशिका सहितको १ विद्यार्थी बराबर कम्तीमा २ प्रतीका दरले पुस्तक उपलब्ध भएको पुस्तकालय हुनुपर्ने,

(ज) शिक्षण क्रियाकलापको लगी आवश्यकिय शैक्षिक सामाग्रीहरु जस्तै (सेतो पार्टी, कालो पार्टी, नक्सा, ग्लोब, गणेतीय सामाग्री आदी हुनुपर्ने,

(झ) सम्पूर्ण विद्यार्थीहरु एकै साथ उभिनु पर्ने मैदान हुनुपर्ने,

(ञ) प्रारम्भिक वाल शिक्षा केन्द्रमा घरबाहिरका क्रियाकलापहरु संचालन गर्न पुगने र अन्य विद्यालयका लागी भलिवल खेल्न मिल्नेसम्मको खेल मेदानको व्यवस्था र खेल सामाग्रीको व्यवस्था हुनुपर्ने,

(ट) पाठ्यक्रम अनुसारको विज्ञान सामाग्रीको व्यवस्था हुनु पर्ने,

(ठ) सामुदायिक विद्यायलयमा कम्तीमा देहाय बमोजिमको शिक्षकको व्यवस्था हुनु पर्ने :

| | |
|---|---|
| माध्यामिक तहको ०-१० कक्षाका लागी | -१४ जना |
| माध्यामिक तहको ०-१२ कक्षाका लागी | -१६ जना |
| माध्यामिक तहको ०-८ कक्षाका लागी | -९ जना |
| आधारभूत तहको ०-५ कक्षाका लागी | -४ जना |
| प्रारम्भिक बालबिकास केन्द्रको लागी | -२ जना |

तर संस्थागत विद्यालयमा कक्षा शिक्षक अनुपात न्यूनतम १.१.४ हुनु पर्नेछ ।

(ढ) विद्यालय  स्थायी आय स्रोत हुनु पर्ने,

(ण) विद्यालयमा प्राथामिक उपचार सामाग्री  व्यवस्था हुनु पर्ने,

(त) आवसीय विद्यालयको लागि आवास भवन हुनु पर्ने,

(थ) विद्यालयको हाता पर्खाल वा बारले घेरिएको हुनु पर्ने,

(द) भाडाको भवनमा विद्यालयको सञ्चालन गर्ने भए कम्तीमा पाँच वर्ष घर भाडा सम्बन्धी सम्झौता भएको हुनु पर्ने,

(ध) विद्यालयमा बालमैत्री अपाङ्गता मेत्री तथा वातारण मैत्री हुनु पर्ने,

## अनुसूची ३

### (नियम ५ को उपनियम (१) र (३) सँग सक्बन्धि)

### विद्यालय सञ्चालन ,गर्न दिइने अनुमति

श्री.........................

............................।

विद्यालय खोल्ने सम्बन्धमा मिति .......................मा प्राप्त निवेदन उपर कारबाही हुँदा शिक्षा नियमावली, .......... को नियम ४ बमोजिको पूर्वाधार पूरा गरेको देखिएकोले शैक्षिक सत्र ................ देखी आधारभूत ⁄माध्यमिक तहको............. कक्षा सम्मको विद्यालय संञ्चालन गर्न यो अनुमति दिईएको छ ।

कार्यालको छाप :

अनुमति प्रदान गर्ने अधिकारीको :

सही :

नाम : मिति :

पद :

# अनुसूची –४

(नियम ९ को उपदफा (१) सँग सम्बन्धित)

## प्रारम्भिक बाल शिक्षा वा नरसरि संञ्चानका लागी दिइएने निवेदन

श्री........................ गाउँपालिका वडा नं................. को कार्यालय

बिषय : प्रारम्भिक वाल शिक्षा केन्द्र संञ्चालन गर्न अनुमति पाऊँ ।

शैक्षिक सत्र ......... देखि प्रारम्भिक बालशिक्षा केन्द्र संञ्चालन गर्ने अनुमति पाउन अभिभावक तथा सामुदायिक/विद्यालय व्यवस्थापन समितिको मिति.........को निर्णयाअनुसार देहायका विवरण र कागजात संलग्न गरि यो निवेदन पेश गरेको छु र छौ ।

(क) प्रस्तावित प्रारम्भिक बालशिक्षा केन्द्रको,–

१ नाम :

२ ठेगाना : गाउँपालिका................ वडा नं. स. ......................... गाउँ वा टोल .......... फोन नं. ............................

३. सेवा पुर्‍याईने वालबालिकाको संख्या :

(ख) सञ्चालनका लागि जिम्मेवारी लिने वा आवद्धता दिने विद्यालयको ,–

१ नाम : २. ठेगाना ३. फोन नं.

(ग) प्रस्तावित प्रारम्भिक वाल शिक्षा कैन्द्रको भौतिक पूर्वाधार :

१ भवन : (अ) कोठा (आ) कच्ची वा पक्की

(इ) के ले बनेको (ई) भाडा र आफ्नै सार्वजनिक

२ फर्निचरको विवरण: (अ) मेचः (आ) टेबुल (इ) बेन्च डेस्क

३ खेलकुद मैदान र त्यसको क्षेत्रफलः (अ) आफ्नै (आ) धारामा वा सार्वजनिक (इ) अन्य

४ शौचालयको अवस्थाः (अ)संख्या (आ) कच्ची वा पक्की (इ) पानीको व्यवस्था भए नभएको

५ खानेपानीको अवस्था : (अ) बोकेर ल्याउने (आ) धारा बाट (इ) पर्याप्त/ अपर्याप्त

६ पाठ्यसामाग्रीको नाम र संख्या : (अ) (आ) (इ)

७ आर्थिक विवरण : (अ)अचल सम्पति (आ) चल सम्पति (इ) अन्य

८ आमदानिको स्रोतको व्यवस्था कसरि मिलाइन्छ :

९ अन्य कुनै विवरण ठीक भए उल्लेख गर्ने :

माथि लेखिएको विवरण ठीक छ झुट्टा ठहरे कानुन बमोजिम सहुँला /बुझाउला ।

निवेदकको,–

संस्थाको छाप सहि : नाम : ठेगाना :

मिति :–

संलग्न कागजात कागजातहरु

१ भवन खेल मैदान सम्बन्धी प्रमाण, कागजात र विवरण ।

२ संस्थाबाट सञ्चालन गर्ने भएमा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि र नियमानुसारको नवीकरण र लेखापरिक्षण प्रतिवेदन ।

३ आपसी सहयोग समूहबाट निवेदन गरिएको भए तयस्तो समूहको वैठकको निर्णय ।

४ कुनै विद्यालय आवद्ध गरि सञ्चालन गर्न खोजिएको भए सो विद्यालयको सिफारिस ।

## अनुसूची –५

(नियम ९ को उपदफा (२) सँग सम्बन्धित)

### प्रारम्भिक बाल शिक्षा कन्द्र सञ्चान गर्न दिइएको अनुमति

श्री.....................याँ कार्यपालिकाको कार्यालय

(.........................................................)

श्री.......................................

..........................................)

<u>बिषयः प्रारम्भिक बाल शिक्षा कैन्द्र सञ्चालन गर्न दिइएको अनुमति</u>

तपाईले त्यस विद्यालय/संस्थाले प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन गर्ने सम्बन्धमा यस........ गाउँ कार्यपालिकाको कार्यालयमा दिनुभएको निवेदन उपर कारबाही हुदा शिक्षा नियवाली, ....... समेतको पूर्वाधार पुरा गरेको र यस गाउँ कार्यापालिकाको नक्साङ्कमा परेकोले शैक्षिक सत्र...... देखी प्रारम्भिक बाल शिक्षा कैन्द्र संञ्चालन गर्न अनुमति प्रदानगरिएको छ ।

अनुमति प्रदान गर्ने अधिकारीको,-

सही

नाम :

कार्यालयको छाप

पद :

मिति :

आज्ञाले

प्रमुख प्रशासकिय अधिकृत